प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तहको परीक्षा आवेदन फाराम भर्ने म्याद थप गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना

(मिति २०८१।१०।२९ गते प्रकाशित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८१।१०।१५ गतेको सूचना बमोजिम, यस परिषद्का आंगिक, साझेदारी, सामूदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत डिप्लोमा इन इन्जिनियरिङ्ग तर्फका सम्पुर्ण कार्यक्रमहरु, होटल म्यानेजमेण्ट, फुड एण्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरशीप डेभलपमेण्ट, ब्युटी एण्ड कस्मेटोलोजी र कृषि (वाली बिज्ञान र पशु विज्ञान) **प्रथम वर्ष प्रथम खण्ड, दोस्रो वर्ष प्रथम खण्ड र तेस्रो वर्ष प्रथम खण्डको नियमित/आंशिक** परीक्षाहरु **चैत्र** महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउने अन्तिम म्याद मिति २०८१।११।०६ गते सम्म कायम रहेकोमा परीक्षा आवेदन फाराम भर्ने र बुझाउने प्रकियाका लागि केही समय अपुग भएकोले फाराम भर्ने र बुझाउने म्याद थप गरिएको व्यहोरा सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्राविधिक शिक्षामा विशेष छात्रबृत्ति कार्यक्रम (दलित, मुस्लिम र बिपन्न/**प्राविधिक शिक्षामा पहुंच नपुगेका पालिका**)) अन्तर्गत डिप्लोमा इन सिभिल, सिभिल (स्पेसलाइजेशन इन हाइड्रोपावर), अटोमोवाइल, जियोमेटिक्स, इलेक्ट्रिकल, रेफ्रिजेरेशन एण्ड एयरकन्डिशनिङ्ग, इन्फर्मेशन टेक्नोलोजी, बायोमेडिकल, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी , होटल म्यानेजमेण्ट, इन्टरप्रेनरशीप डेभलपमेण्ट तथा कृषि (वाली बिज्ञान र पशु विज्ञान ) कार्यक्रमको **प्रथम वर्ष प्रथम खण्ड, दोस्रो वर्ष प्रथम खण्ड र तेस्रो वर्ष प्रथम खण्डको नियमित/आंशिक र डिप्लोमा इन मेडिसिनल एण्ड एरोमेटिक प्लान्टस् कार्यक्रमको दोस्रो वर्ष नियमित र प्रथम वर्ष आंशिक** परीक्षा समेत सोही समयमा संचालन हुने भएकाले तल उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनु हुन अनुरोध छ ।

साथै मिति २०८१।१०।१५ गतेको प्रकाशित परीक्षा आवेदन फाराम भर्ने सूचनाका सम्पूर्ण शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**नोटः**

१. प्रशिक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने थप मिति २०८१।१०।३० गते देखि मिति २०८१।११।०५ गते दिनको ३:०० बजे सम्म
२. शिक्षालयले ITMS मा Online Entry गर्ने अन्तिम नियमित शुल्क मिति २०८१।११।०५ गते सम्म
३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला तथा ITMS Online मा voucher upload गर्ने नियमित शुल्कको अन्तिम मिति २०८१।११।०६ गते
४. प्रशिक्षार्थीहरुले बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम सम्वन्धित शिक्षालयमा बुझाउने मिति २०८१।११।०६ देखि मिति २०८१।११।११ गते सम्म
५. शिक्षालयले ITMS मा Online Entry गर्ने बिलम्ब शुल्क मिति २०८१।११।०६ गते देखि मिति २०८१।११।११ गते सम्म
६. शिक्षालयले बिलम्ब शुल्कमा बैंक दाखिला तथा ITMS Online मा voucher upload गर्ने अन्तिम मिति २०८१।११।१३ गते
७. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८१।११।०५ गते भित्र नियमित शुल्कको तथा मिति २०८१।११।११ गते भित्रमा बिलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।
८. सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।
९. मिति २०८१ फागुन १५ गते नियमित तथा बिलम्व शुल्कमा भरीएका परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद् प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिने छ ।**

**परीक्षा नियन्त्रक**